आठराई त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

पत्र संख्याः २०८१/८२
सूचना नं. ...१२...

## सवारीसाधन भाडामा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८१/१०/०७)

प्रस्तुत विषयमा या कार्यालयको कार्यालय प्रयोजनको लागि एक थान चार पाङ्ग्रे सवारी साधन (जीप) भाडामा लिनपर्ने भएकोले तपशील बमोजिमको शर्तहरूको अधिनमा रही इच्छुक यातायात व्यवसायी वा सवारीसाधन धनीले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र यसै सूचनासाथ संलग्न ढाँचामा दररेट सहितको दररेट सहितको निवेदन यस कार्यालयको इमेल aathrai.tribenimun@gmail.com मार्फत वा खाम शिलबन्दी गरी उपलब्ध गराउन हुन यो सुचना जारी गरिएको छ ।

देहायः

१) सवारी साधनमा Four Wheel भएको साथै कच्चीबाटोमा समेत सञ्चालन गर्न मिल्ने हुनुपर्नेछ ।
२) सवारी साधनको चालकको तलब भत्ता तथा अन्य सुविधा सम्बन्धित यातायात व्यवसायी वा सवारीसाधन धनीले नै व्यहोर्नु पर्नेछ ।
३) सवारी चालक सवारीसाधन धनी वा यातायात व्यवसायीले नै उपलब्ध गराउनुपर्नेछ ।
४) सवारी साधनको मर्मत संभार सवारीसाधन धनी वा यातायात व्यवसायीले नै व्यहोर्नुपर्नेछ ।
५) सवारीसाधन यस कार्यालयमा २०८२ असार मसान्तसम्मका लागि नियमित उपलब्ध गराउनुपर्नेछ ।
६) सवारीसाधनमा आवश्यक स्वास्थ्य सामाग्रीहरू यस कार्यालयबाट उपलब्ध गराइनेछ ।
७) कामको सिलसिलामा सवारी साधनमा क्षति पुगेको सो को जिम्मेवारी सवारी धनी वा यातायात व्यवसायी स्वयम् हुनुपर्नेछ ।
८) भाडामा उपलब्ध गराउने सवारी साधनको नियमअनुसारको सवारी साधन कर सम्बन्धित सवारी धनी वा यातायात व्यवसायीले उपलब्ध गराउनुपर्नेछ ।
९) भाडामा उपलब्ध गराउने सवारी साधनमा कार्यालयले लगबुक अनुसारको इन्धन उपलब्ध गराउनेछ ।
१०) दररेट उपलब्ध गराउँदा सवारीसाधनको ब्लुबुक र सवारी चालकको लाइसेन्सको छायाँकपी समेत उपलब्ध गराउनु पर्नेछ ।
११) सवारी साधनको ब्लुबुक र सवारी चालकको लाइसेन्स नवीकरण भएको हुनुपर्नेछ ।

बाबु नन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

प्रमुख प्रशासकीय अधिकृत

मितिः .............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

आठराई त्रिवेणी गाउँपालिका, हाङपाङ, ताप्लेजुङ ।

विषयः दररेट पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०८१/१०/०७ को सूचनामा उल्लेख भएको शर्त बमोजिम देहाय बमोजिमको दररेट सवारीसाधन उपलब्ध गराउन इच्छुक भएको हुँदा यो निवेदन पेश गरेको छु ।

१) सवारीसाधनको मोडेलः

२) सवारी साधनमा Four Wheel भए/नभएकोः

३) सवारी साधन नं.:

४) सवारी चालकको नामः

५) सवारी चालकको लाइसेन्स नवीकरण भएको नभएकोः

६) सवारी साधनको ब्लुबुक नवीकरण भएको नभएकोः

७) दैनिक भाडा दर (इन्धन बाहेक):

निवेदकः

सवारीसाधन धनी वा व्यवसायीको नामः

ठेगानाः

सम्पर्क नं.:

सहीः

छापः

मितिः

CamScanner